चामे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चामे, मनाङ

☎फोन नं.: ०६६- ४४०१७०
✆फ्याक्स : ०६६- ४४०१७०
Email:chamegaupalika@gmail.com
www.chamemun.gov.np

गण्डकी प्रदेश, नेपाल

## मिति २०७६।०२।१० गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

१. चामे गाउँपालिका वडा नं. ३ मा अवस्थित विश्वशान्ति आधारभूत विद्यालय, कोतोमा विद्यार्थी संख्या ज्यादै नै कम भएको हुँदा सवै कक्षाका विद्यार्थीलाई चामेको लोकप्रिय माध्यमिक विद्यालयमा आवासियरुपमा राख्ने र शिक्षक एवं कर्मचारीको देहाय बमोजिम व्यवस्थापन गर्ने निर्णय गरियो ।

विश्वशान्ति आधारभूत विद्यालय, कोतो

| क्र. सं. | शिक्षकको नाम, थर | तह | हाल कामकाजका लागि तोकिएको विद्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | आशलाल गुरुङ | प्रा.वि.तृतीय | चामे गा.पा.वडा नं. ३ को वडा कार्यालय | |
| २ | कमला घिमिरे | प्रा.वि.तृतीय | गौरी शंकर आधारभूत विद्यालय, तिमाङ | |
| ३ | जुनमाया गुरुङ | प्रा.वि.तृतीय | लोकप्रिय माध्यमिक विद्यालय, चामे | |
| ४ | कुङ्गा गुरुङ | राहत कोटा | लोकप्रिय माध्यमिक विद्यालय, चामे | करार |
| ५ | सोनाम लामा | स.का. | लोकप्रिय माध्यमिक विद्यालय, चामे | बा.बि.क. करार |
| ६ | लाक्पा ढोमा लामा | का.स. | लोकप्रिय माध्यमिक विद्यालय, चामे | करार |

२. चामे गाउँपालिका वडा नं. २ मा रहेको दीनदयालु आधारभूत विद्यालय, थानचोकमा गाउँ कार्यपालिकाको कृषि शाखा, पशु शाखा, चामे स्वास्थ्य चौकी स्थानन्तर गर्ने, थानचोकमा रहेको वडा नं. १ र २ संयुक्त वडा कार्यालयलाई छुट्टा छुट्टै व्यवस्थापन गर्ने गरी वडा नं. २ को वडा कार्यालयलाई दीनदयालु आधारभूत विद्यालय भवन, थानचोकमा र वडा नं. १ को वडा कार्यालयलाई गौरीशंकर आधारभूत विद्यालय, तिमाङको भवनमा आर्को व्यवस्था नभएसम्म राख्ने निर्णय गरियो ।

३. चामे गाउँपालिका क्षेत्रभित्र बस पार्क निर्माण गर्न र प्रदेश सरकारद्वारा निर्माण गरिदिने गाउँपालिकास्तरीय बहुउद्देश्य भवन (सिटीहल) का लागि आवश्यक पर्ने जग्गा प्राप्ती गर्न गाउँ कार्यपिलकाको पूर्वाधार विकास समितिलाई जिम्मा दिने मिति २०७६-०१-२२ गतेको निर्णय बमोजिम सार्वजनिक जग्गा प्राप्त हुन नसकेको भनि मिति २०७६-०२-०८ गतेको पूर्वाधार विकास समितिको निर्णयका आधारमा गाउँपालिका केन्द्र नजिकै मुख्य सडकले छोएको प्रचलित दररेटमा नबढ्ने गरी घटीघटाउमा सिटीहलका लागि करिव ३ रोपनी र बस पार्कका लागि करिव ७ रोपनी गरी जम्मा १० रोपनी जग्गा खरिद गर्न गाउँकार्यपालिकाको कार्यालयले प्रक्रिया अघि बढाउन निर्देशन दिने निर्णय गरियो ।

चामे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चामे, मनाङ

फोन नं.: ०६६- ४४०१७०
फ्याक्स : ०६६- ४४०१७०
Email:chamegaupalika@gmail.com
www.chamemun.gov.np

गण्डकी प्रदेश, नेपाल

४. चामे गाउँपालिकाको वडा नं. २ थानचोक स्थित घट्टेखोलामा पुल नहुँदा सम्पूर्ण जनसमुदायलाई आवतजावतमा ज्यादै कठिनाई भएको हुँदा चालु आर्थिक वर्ष २०७५/७६ को गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रमको बजेट खर्च शीर्षक ३१५११ भैपरी आउने पूँजीगत खर्चमा नेपाल सरकार समानीकरण अनुदान तर्फ रु. ५,७०,००० र आन्तरिक स्रोत तर्फ रु. १७,५०,००० गरी जम्मा रु. २३,२०,००० बजेट मध्ये आन्तरिक स्रोत तर्फको बजेटबाट घटाई बजेट खर्च शीर्षक ३११५१ सडक तथा पूल निर्माणमा थानचोक घट्टेखोला काठेपुल निर्माणका लागि रु. १,५०,०००।- विनियोजन गर्ने निर्णय गरियो ।

५. डुम्रे-बेसिशहर-घेर्मु-सातताले-चामे सडक सहायक राजमार्ग (फिडर रोड) अन्तर्गतको चामे गाउँपालिका वडा नं. २ स्थित सल्लाघारी खण्डको सडकमा खाडल परी ठूला ठूला ढुंगा देखिएको हुँदा सवारी साधन आवतजातवमा ज्यादै नै कठिनाई भएको हुँदा उक्त खण्ड ढलानकालागि गण्डकी प्रदेश, डिभिजन सडक कार्यालय, दमौली, तनहूँलाई अनुरोध गर्ने निर्णय गरियो ।